**Machhapuchchhre Bank Limited**

**माछापुच्छ्रे बैंक लिमिटेड**

## प्रेस बिज्ञप्ति

माछापुच्छ्रे बैंक लिमिटेडले आफ्नो सेवा बिस्तारका क्रममा नया सेवाको थालनी गरेको छ । नेपाल टेलिकमका मोबाईल फोन प्रयोगकर्तालाई मोबाईल बिल भूक्तानी प्रक्रिया सरल बनाउन यस बैंकले **अन लाईन मोबाईल बिल भूक्तानी सेवा** ( **ON-LINE Mobile bill payment service**) सुरु गरेको छ । यो सेवा प्रयोग गर्न चाहने ग्राहकले यस बैंकको कुनै पनि शाखाबाट मोबाईल बिल भूक्तानी गर्न सक्नेछन् तथा उक्त रकम प्राप्त हुने बितिकै कम्प्युटरको माध्यमबाट नेपाल टेलिकमको खातामा रकम भुक्तानी भएको सूचना प्रबाह हुने ब्यवस्था मिलाईएको छ । यस सेवा बाट ग्राहकहरुले समयको बचत का साथ साथै तुरन्त सेवा प्राप्त गर्न सक्नेछन् । यो सेवा यस बैंकमा खाता नहुने ग्राहकहरुले समेत प्रयोग गर्न सक्नेछन् । बैंकले संचालन गरेको ३६५ दिने सेवा तथा सन्ध्याकालिन काउण्टरबाट समेत यो सेवा लिन सकिने छ ।

बैंकले यो नया सेवाका अतिरीक्त हाल संचालनमा रहेको मोबाईल बैकिङ्ग सेवामा समेत नया सुबिधा थप गरेको छ । नया सुबिधा अनुसार मोबाईल बैकिङ्ग सेवा प्रयोग भईरहेका खाताहरुमा भएको कारोबारको जानकारी मोबाईल मार्फत दिने ब्यवस्था मिलाईएको छ । बचत खातामा रु. २५,०००। (रु. पच्चीस हजार) तथा चल्ती खातामा रु. १००,०००। (रु. एक लाख) वा सो भन्दा माथिको कारोबार हुने बितिकै सो को सूचना खाताबालालाई मोबाईल मार्फत पठाउने ब्यवस्था मिलाईएको छ । यसका अतिरीक्त मोबाईल बैंकिङ्गको प्रयोग बाट कर्जा सूचना, निक्षेप जानकारी, बिदेशि बिनिमय दर सम्वन्धि जानकारी तथा अन्तिम पाचं कारोबारको जानकारी समेत लिन सकिने छ ।

बैंकले यी सबै सेवा निशुल्क उपलब्ध गराएको छ । आउदां दिनमा थप नया सेवाहरुको सुरुवात गर्ने कार्यक्रम रहेको छ । बैंकले Any Where Banking, Internet Banking, Debit Cad (ATM Card) जस्ता आधुनिक बैंकिङ्ग सेवा समेत उपलब्ध गराउँदै आएकोछ ।